# महाशिला गाउँपालिका

## आर्थिक ऐन, २०८२

अठारौँ गाउँसभाबाट पारित

मिति २०८२/०३/१०

# महाशिला गाउँपालिकाको आर्थिक ऐन, २०८२
## महाशिला गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

महाशिला.गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महाशिला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको हो।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "**आर्थिक ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ देखि महाशिला गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पत्ती तथा भूमि करः** (१) महाशिला गाउँपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम भूमि कर लगाइने छ।

२) गाउँपालिका क्षेत्रभित्रका क वर्गको मोटर बाटो, ख वर्गको मोटर बाटो, ग वर्गको मोटर बाटो र सो बाटोले छोएको जग्गाको प्रतिरोपनी न्यूनतम दररेट छुट्याई अनुसूची (१) (क) बमोजिमको मूल्यांकनको आधारमा कर लगाई असूल गरिनेछ।

३) गाउँपालिका क्षेत्रभित्रको १ देखि ६ वटा वडाको खेत तर्फ र पाखो तर्फको जग्गाको मूल्यांकन गरी अनुसूची (१)(ख) बमोजिम कर लगाइने र असूल गरिनेछ ४) गाउँपालिका क्षेत्रभित्रका बसोबास गर्ने घरका प्रकारका आधारमा अनुसूची (१) (ग) बमोजिम सम्पत्ती कर असूल गरिनेछ।

४) दफा २ बमोजिमको सम्पत्ती तथा भूमि कर तोकिएको समयमा नबुझाउने करदातालाई अनुसूची (१) (घ) बमोजिमको दण्ड जरिवाना असूल उपर गरिनेछ।

**३. घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ।

**४. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजीँगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल तथा पुन प्रयोगीय र प्रचलित कानुनले निषेध गरिएको जडिबुटी तथा जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**६. सवारी साधन सेवा दस्तुरः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम स्थानीय सेवा शुल्क लाग्ने छ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**७. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**९. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१०. ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्कः** ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्र्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट (अनुसूचि ११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१३ धारा विजुलीको शुल्कः-** (१) गाउँपालिकाले प्रत्येक घरधूरीबाट अनुसूचीमा उल्लेख भए बमोजिमको धारा पानी वापतको शुल्क संकलन गर्नेछ।

(२) गाउँपालिकाले गाउँपालिकाभित्र रहेका सामुदायिक विद्युत उपभोक्ता समितिहरुबाट हुँदै आएको विद्युत महशुल संकलन तथा व्यवस्थापन सम्बन्धि कार्य गर्न सक्नेछ।

**१४ कृषि तथा पशुजन्य वस्तुको व्यवसायमा लाग्ने करः** (१) कृषि तथा पशु उत्पादन तथा बिक्रीमा गाउँपालिकाबाट हुने अनुदान कार्यक्रममा कारोबार गरे वापत सहकारी संस्थाबाट पशु उत्पादन र कृषि उत्पादन बिक्री अनुदानको कारोबारमा अनुसूचीमा उल्लेख भए बमोजिम कारोबार शुल्क लाग्नेछ।

**१५ अन्य विविध शुल्क महशुलः** (१) अन्य विविध शुल्क तथा महशुल गाउँपालिका कार्यपालिकास्तरीय लगाउन सक्नेछ।

**१.कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई गाँउसभाको निर्णय विना कुनै पनि किसिमको कर छुट दिईने छैन।

**१४. कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिका ले तोके अनुसार हुनेछ।

## अनुसूचि १
### (दफा २(१) सँग सम्बन्धित)बब
### गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमि करः

| देखि | सम्म | वार्षिक कर |
|---|---|---|
| रु १ | रु १ लाख रुपैयाँ सम्म | एकमुष्ठ रु ३०।- |
| रु १ लाख | रु ३ लाख | एकमुष्ठ रु १००।- |
| रु ३ लाख | रु ५ लाख | एकमुष्ठ रु १५०।- |
| रु ५ लाख | रु १० लाख | प्रति लाख रु ४०।- |
| रु १० लाख | रु २० लाख | प्रति लाख रु ५०।- |
| रु २० लाख | रु ३० लाख | प्रति लाख रु ५५।- |
| रु ३० लाख | रु ५० लाख | प्रति लाख रु ६०।- |
| रु ५० लाख | रु ७५ लाख | प्रति लाख रु ६५।- |
| रु ७५ लाख | रु १ करोड | प्रति लाख रु ७०।- |
| रु १ करोड | जतिसुकै भएपनि | प्रति लाख रु ८०।- |

नोटः मूल्यांकन रकमलाई रु लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुन सक्नेछ ।
**भुमिकर तिरेका सेवाग्राहिलाई मात्र अन्य वडाकार्यालय बाट दिने सिफारिस दिने निति लिइने छ।**

## अनुसूचि १ (क)
### (दफा २ को उपदफा (२) सँग सम्बन्धित)
### जग्गाको न्यूनतम मूल्यांकन हदः
### महाशिला गाउँपालिका भित्रका आ.व. २०८०/०८१ मा विभिन्न वडाको जग्गाको वर्गिकरण तथा मूल्यांकन

१. यस ऐन तथा प्रचलित कानूनको प्रतिकूल नहुने गरी कार्यपालिकाले निर्णय गरी जग्गाको न्यूनतम मूल्यांकन हद तोक्ने छ ।

**मोटर बाटोको वर्गिकरण**

**"क" वर्गको ग्रामीण सडक**

| क्र.सं. | बाटोको नाम | प्रति रोपनी रु |
|---|---|---|
| १ | मल्कावाङ - लुंखु - भोक्सिङ्ग - सुवेदीखर्क सडक | १ लाख ५० हजार |
| २ | लाम्तुन - गानावाङ सडक | १ लाख ५० हजार |
| ३ | लुंखु - बारेडाँडा - अर्घाउदी -होश्राङ्गदी (वडा कार्यालय) पुर्णगाउँ सडक | १ लाख ५० हजार |
| ४ | दुक्तान - लुंखु देउराली - ज्यामिरे - सिम्ले सडक | १ लाख ५० हजार |
| ५ | घन्टे-घन्तरी-लुंखु सडक | १ लाख ५० हजार |
| ६ | पैन्युभन्ज्याङ- होश्राङदी- जैबिरे सडक | १ लाख ५० हजार |
| | **ख वर्गको ग्रामीण सडक** | |
| **क्र.सं.** | **बाटोको नाम** | |
| १ | अगुवा- अर्घाउदी- रैचे - पोर्चु सडक | १ लाख |
| २ | सुभेद्रीखर्क - गडी -गुर्दुम - सानापानी -पूर्णगाउँ सडक | १ लाख |
| ३ | पैंयु भन्ज्याङ्ग- देउराली खोलाखर्क- राम्चे सडक | १ लाख |

| | | |
|---|---|---|
| ४ | आरानडाँडा- गुरुङ्ग गाउँ- डुडे खोरिया-गुम्बा- खोलाखर्क सडक | १ लाख |
| ५ | बाटाघर- चनौटे - दियालीडाँडा सडक | १ लाख |
| ६ | काफफलडाँडा, वालाकोट गाउँ सिमाना सडक | १ लाख |
| ७ | हिरुखर्क- निगाली बान्द्रे सडक | १ लाख |
| ८ | लुंखु-बान्द्रे-सिम्ले सडक | १ लाख |
| ९ | लाम्तुन-टिमुरे-दमैडाँडा-लुंखु सडक | १ लाख |
| १० | सिम्ले-दाङसिङ सडक | १ लाख |
| ११ | घण्टे-दाद्रा सडक | १ लाख |
| १२ | अर्घाउदी-होश्राङ्गदी सडक सडक | १ लाख |
| १३ | बाटाघर -चनौटे -छहरी सडक | १ लाख |
| १४ | महेन्द्रोदय मा.वि.-वडाकार्यालय-लामिडाँडा | १ लाख |
| १५ | सित्ले चौपारी सित्ले सरौखोला | १ लाख |
| **ग वर्गको ग्रामीण सडक (शाखा तहका ट्र्याकहरु)** | | |
| क.सं. | **बाटोको नाम** | |
| १ | अगुवा-गोरादी-मौवाडाँडा | ५० हजार |
| २ | होश्राङ्गदी-टोरके | ५० हजार |
| ३ | पारकुना-लुखुरे-सारीगैरा | ५० हजार |
| ४ | जौखेत-भाँडाबारी पूर्णगाउँ | ५० हजार |
| ५ | खोरगैरा-गुरुङ्गगाउँ | ५० हजार |
| ६ | ओखर गैरा-चन्डी थान | ५० हजार |
| ७ | बाघमारा-बसेनी | ५० हजार |
| ८ | बाघमारा-पाखुरे | ५० हजार |
| ९ | बसेनी आमांग सार्थन भुजुङ्गे-वडा कार्यालय | ५० हजार |
| १० | कोखे-भण्डारी थर-वाँइकाठ | ५० हजार |
| ११ | धनमाासे-सिरीनडाँडाँ | ५० हजार |
| १२ | नेवार डाँडा-चिसापानी देवी प्रा.वि. | ५० हजार |
| १३ | काउले-जोरकाफल-दमैडाँडा | ५० हजार |
| १४ | ज्यामिरे-ढाँढा-रातामाटा -बान्द्रे | ५० हजार |
| १५ | भुतेखोला-घर्तिघर | ५० हजार |
| १६ | दह-अमरेको घर | ५० हजार |
| १७ | सपौदी-जम्पुर गाउँ | ५० हजार |
| १८ | मुसुरबारी-बाटे | ५० हजार |
| २० | दुक्तान-वगाले थर - डाँडाखर्क | ५० हजार |
| २१ | गोर्लेङधाम-गैरागाउँ | ५० हजार |
| २२ | सपौदे- पुछारटोल | ५० हजार |
| २३ | ठूलास्वाँरा -ढाँण -भकिम्ले, चाक्लिपातल सिद्धमार्ग सडक | ५० हजार |
| २४ | पहरे बतासे सडक | ५० हजार |
| २५ | सौरबोट- आरुचौर सडक | ५० हजार |

| | | |
|---|---|---|
| २६ | हलोगाडे -पात्ला -कोलाडाँडा सडक | ५० हजार |
| २७ | वडा कार्यालय -लाँकुरी -कालाढुङ्गा सडक | ५० हजार |
| २८ | अन्य सडकहरु | ५० हजार |
| २९ | काफलडाँडा भल्कु बागमारा सडक | ५० हजार |
| ३० | एकपाटे भोर्लेडाँडा भँगेरे दुक्तान | ५० हजार |
| ३१ | पूर्णगाउँ घारेबारी बाइकाठ अर्तमात | ५० हजार |
| ३२ | जोरकाफल महाशिला बनपाखे सडक | ५० हजार |
| ३३ | मिलनचोक माझघर छायाँडाडा सडक | ५० हजार |
| ३४ | साहुघर बाटाघर सिम सडक | ५० हजार |
| ३५ | सिम्ले लौसी डाँडा सडक | ५० हजार |
| ३६ | बालाकोट वडा कार्यालय कोलडाँडा बाँझे हिरुखर्क | ५० हजार |
| ३९ | गोवाने दियाली डाँडा निगाली | ५० हजार |
| ४० | सानापानी टोड्के | ५० हजार |
| ४१ | सपौदे जम्पुर पौडेलथर | ५० हजार |
| ४२ | सौरवोट आरुचौर सडक | ५० हजार |
| ४३ | ओखरबोट कडेंनी | ५० हजार |
| ४४ | गुर्धुम सानापानी पूर्णगाउँ जौखेत | ५० हजार |
| ४५ | ओखरबोट कडेनी | ५० हजार |
| ४५ | कोलडाााडा क्षेत्रेको घर | ५० हजार |
| ४६ | कालाढुगाा आसबहादुरको तहरा | ५० हजार |

**मूख्य बजार क्षेत्रः**

| क्र.सं. | बजार को नाम | प्रति रोपनी रु |
|---|---|---|
| १ | लुंखु देउराली बजार | ५ लाख |
| २ | घण्टे देउराली बजार | ५ लाख |

**बजार तथा घडेरी उन्मुख क्षेत्रः**

**क. बजार उन्मुख क्षेत्रः**

| क्र.सं. | बजार उन्मुख क्षेत्रको नाम | प्रति रोपनी रु |
|---|---|---|
| १ | वडा नं. १ होश्राङ्गदी माझगाउँ स्थित वडा कार्यालय भयरथान माइथान, गढी गुर्धुम पैंयूकोट गोरेटो बाटो सहित र गढी पैयूकोट क्षेत्र, स्वास्थ्य चौकी तथा सूर्य मा.वि. भवन वरिपरीको पसल रहेसम्मको क्षेत्र | २ लाख |
| २ | वडा नं. २ बागमारा तथा महेन्द्रोदय बिद्यालयदेखि वडा कार्यालयसम्मको पसल रहेको क्षेत्र | २ लाख |
| ३ | वडा नं. ३ स्थित बारेडाँडा तथा काफलडाँडा वरिपरी पसल रहेको क्षेत्र | २ लाख |

| | | |
|---|---|---|
| ४ | वडा नं. ४ पाखुरेडाँडा, जनविकास मा.बि. लाम्तुनको बिद्यालयदेखि पूर्व तथा पश्चिम तर्फको सडकमा पसल रहेसम्मको क्षेत्र, हेल्थपोष्ट वरिपरीको क्षेत्र, गानाबाङ्ग कोटपरी तथा कोल्यारी स्थित पसल भएको क्षेत्र, | २ लाख |
| ५ | वडा नं. ५ एकपाटे पसल वरिपरीको क्षेत्र, मिलनचोक पसल वरिपरीको क्षेत्र, जोरकाफल पसल वरिपरीको क्षेत्र, आहाले पसल वरिपरीको क्षेत्र, दुक्तान पसल वरिपरीको क्षेत्र, | २ लाख |
| ६ | वडा नं. ६ स्थित हलोगाडे | २ लाख |

**ख. घडेरी उन्मुख क्षेत्रः**

| क्र.सं. | घडेरी उन्मुख क्षेत्रको नाम | प्रति रोपनी रु |
|---|---|---|
| १ | दुत्तान लुंखु शेरा सडकले छोएको घडेरी योग्य जग्गा | ५ लाख |
| २ | लुंखु गानावाङ सडकले छोएको घडेरी योग्य जग्गा | ५ लाख |
| ३ | लुखुं मिलनचोक वारेडाँडा देखि गाउँपालिका कार्यालय सम्मको सडकले छोएको घडेरी योग्य जग्गा | ५ लाख |

## अनुसूचि १ (ख)
## (दफा २ को उपदफा (३) सँग सम्बन्धित)
### महाशिला गाउँपालिका भित्रका आ.व. २०७९।०८० मा विभिन्न वडाको जग्गाको वर्गिकरण तथा मूल्यांकन

| वडाको नाम | वडा नं. | जग्गाको वर्गीकरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खेततर्फ | | | | बारी तर्फ | | | | पाखो |
| | | अब्बल | दोयम | सीम | चाहार | अब्बल | दोयम | सीम | चाहार | चाहार |
| होश्राङ्गदी | १ | १५०००० | ८०००० | ७२००० | ६२००० | ६०००० | ५०००० | ४५००० | ३७००० | २०००० |
| भोक्सिङ्ग | २ | ८५००० | ८०००० | ७२००० | ६२००० | ६०००० | ५०००० | ४५००० | ३७००० | २०००० |
| बालाकोट | ३ | ८५००० | ८०००० | ७२००० | ६२००० | ६०००० | ५०००० | ४५००० | ३७००० | २०००० |
| पाखापानी | ४ | ९०००० | ८०००० | ७५००० | ६५००० | ६५००० | ६०००० | ५०००० | ४०००० | २०००० |
| लुंखुदेउराली | ५ | ८५००० | ८०००० | ७२००० | ६२००० | ६०००० | ५०००० | ४५००० | ३७००० | २०००० |
| फलामखानी | ६ | ८०००० | ७५००० | ७०००० | ६०००० | ५५००० | ४५००० | ४०००० | ३५००० | २०००० |

## अनुसूचि १ (ग)
## (दफा २ को उपदफा (३) सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर करको दर

**सम्पत्ती कर (घरको वर्गीकरण सहित)**

| क्र.सं | घरको किसिम | आ.व. २०७९।०८० का लागि अनुमानित दर | |
|---|---|---|---|
| | | आवासीय प्रयोजन | व्यवसायिक प्रयोजन |
| १ | ढुङ्गा माटोको जोडाइ खरको छाप्रो | ० | |
| २ | ढुङ्गा माटोको जोडाइ १-२ तले खरको छानो भएको घर | १०० | |
| ३ | ढुङ्गा माटोको जोडाइ टिनको घर | १०० | |
| ४ | ढुङ्गा माटोको जोडाई २/३ तले टिन वा ढुङ्गाको छानो भएको बारतली सहितको घर | २०० | ४०० |
| ५ | ढुङ्गा माटो सहित सिमेन्टले प्लाष्टर गरेको घर | ३०० | ६०० |
| ६ | पिलर बिम सहितको टिनले छाएको बिना ढलानको घर | ५०० | १००० |
| ७ | पिलर बिम सहितको ढलान गरिएको घर | १००० | २००० |

एउटै कित्तामा बनेका सबै घरहरुको छुट्टा छुट्टै घर कर लाग्नेछ ।

## अनुसूचि १ (घ)
## (दफा २ को उपदफा (४) सँग सम्बन्धित)
## म्याद भित्र बिवरण दाखिला नभएमा लिइने थप शुल्कको दर
## अनुसूचि २

(दफा ३ सँग सम्बन्धित)

**घर बहाल कर :**

**यस** गाउँपालिका क्षेत्रभित्र  कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा **देहाय बमोजिमको** घर बहाल **कर** तिर्नुपर्नेछ ।

क) जग्गा भाडामा घरबहाल कर संझौता रकमको ३ प्रतिशत लिइनेछ ।

ख) घर, घरको कुनै तला एकाई वा कोठा भाडामा दिंदा व्यक्तिगत प्रयोजनको लागि ४ प्रतिशत र संस्थागत प्रयोजनका लागि सम्झौता रकमको १० प्रतिशत घरबहालकर लिइनेछ।

ग) घर बहालकर संकलनलाई सहज, सरल र व्यवस्थित, पारदर्शि र कानून बमोजिम बनाउन घर बहालकर व्यवस्थापन कार्यविधि बनाइ लागु गरिनेछ।

**घर नक्सा पास दस्तुरः**

| क्र.सं. | बिवरण | दर रु |
|---|---|---|
| १ | नक्सा पास निवेदन फारम दस्तुर | १०० |
| २ | पक्की घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | १ |
| ३ | कच्ची घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | २५ पैसा |
| ४ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | ५०० |
| ५ | गाउँपालिका हुनु भन्दा अगाडि निर्माण गरेको नक्सापास गर्दा मापदण्ड अनुरुप(पक्की घरको लागि मात्र) | १ |
| ६ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु पर्ने एकमुष्ट | ५०० |
| ७ | नक्सा नामसारि तथा नवीकरण वापत | २०० |

**अनुसूचि ३**
**(दफा ४ सँग सम्वन्धित)**
**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसाय करको दर**

**व्यवसाय कर**

| **क्र.सं.** | **व्यवसाय** | **रकम रु (वार्षिक)** |
|---|---|---|
| १ | ज्वलरी सुन चाँदी पसल | ४००० |
| २ | सून चाँदी जलप लगाएका गरगहना वेचविखन | १००० |
| ३ | भिडियो क्यामेरा | १०००० |
| ४ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइल मर्मत) | २००० |
| ५ | भाँडा पसल | २००० |
| ६ | हार्डवयेर | २००० |
| ७ | इन्धन विक्रि पसल | १००० |
| ८ | फर्निचर<br>फर्निचर शो रुम | २०००<br>३००० |
| ९ | खाद्यन्न किनारा पसल थोक विक्रेतादलल | ४००० |
| १० | खाद्यन्न किनारा पसल खुद्रा विक्रेता | २००० |
| ११ | फलफूल पसल (तरकारी) | २००० |
| १२ | गेष्ट हाउस | २००० |
| १३ | होम स्टे | २००० |
| १४ | स्टेशनरी | २००० |
| १५ | वित्तीय बैंक (नेपाल सरकारको स्वामित्व वाहेक) | १२००० |
| १६ | फाइनान्स तथा लघु वित्त | १०००० |
| १७ | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रति लाख (महाशिला गाउँपालिका भन्दा बाहिर दर्ता भै यस गा.पा. अन्तर्गत कार्य गर्ने सम्बन्धमा) | २०० |
| १८ | कृषि सहकारी प्रति लाख (महाशिला गाउँपालिका भन्दा बाहिर दर्ता भै यस गा.पा. अन्तर्गत कार्य गर्ने सम्बन्धमा) | ५० |

| | | |
|---|---|---|
| १९ | विमा कम्पनी | ५००० |
| २० | औषधी पसल | ४००० |
| २१ | दाँत बनाउँने | २००० |
| २२ | कम्प्युटर प्रशिक्षण तथा तालिम | २००० |
| २३ | व्युटि पार्लर | २००० |
| २४ | निजी क्षेत्रका विद्यालय मा.वि. तह | १०००० |
| | निजी क्षेत्रका विद्यालय आधारभूत तह | ५००० |
| २५ | सवारी साधन मर्मत | १००० |
| २६ | फोटो स्टुडियो | १००० |
| २७ | गै.स.सं. | ५००० |
| २८ | अन्तरराष्ट्रिय गै.स.सं. | १०००० |
| २९ | मासु पसल | १००० |
| ३० | पिकनिक पार्क स्पोर्ट | ५०० |
| ३१ | घ वर्गको ठेक्का इजाजत दर्ता दस्तुर | १५००० |
| | घ वर्गको ठेक्का इजाजत निवेदन दस्तुर | १००० |
| ३२ | कपडा पसल | ३००० |
| ३३ | सूचीकार टेलर्स | १००० |
| ३४ | घुम्ती पसल स्थानीय प्रति महिना/प्रतिवर्ष | २००/२००० |
| | घुम्ती पसल बाह्य प्रति महिना/प्रतिवर्ष | १०००/१०००० |
| ३५ | जुत्ता चप्पल विक्री पसल | १००० |
| ३६ | राइस मिल कुटानी पीसानी सिग्गल फेज रु<br>त्रिपल फेज रु | ५००<br>२००० |
| ३७ | ज्योतिष पसल | ५०० |
| ३८ | सवारी साधन दर्ता (स्कुटर, मो.सा., अन्य चार पाङ्ग्रे) | ५०० |
| ३९ | निजी कार जीप | १००० |
| ४० | भिडियो एक्सरे मेसिन सम्बन्धमा (8*10)<br>(10*12)<br>(12*15) | ५००<br>६००<br>७०० |
| ४१ | निजी बस, मिनीवस, ट्राभल बस, | २००० |
| ४२ | रेमिट्यान्स सेवा | ५००० |
| ४३ | उर्जामूलक उद्योग (जलस्रोत, वायू, सौर्यउर्जा, कोइला तथा अन्य स्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय) | ३००० |
| ४४ | कषि वन पैदावारमा आधारित उद्योग व्यवसायमा | २००० |
| ४५ | पर्यटन उद्योग( आवास, होटल, ट्राभलएजेन्सी पदयात्रा, ग्लाइडिङ ) | २००० |
| ४६ | साइनवोर्ड बनाउने पेन्टिङ सेवा | ५०० |
| ४७ | खोटो विक्रेता | ५०० |
| ४८ | समान ढुवानीकर्ता तथा कम्पनी | १५०० |

| | | |
|---|---|---|
| ४९ | व्यवसायका लागि वडा सिफारीस वा सम्बन्धित शाखाको सिफारीस अनिर्वाय | ५०० |
| ५० | सैलुन | १००० |
| ५१ | पान पसल | ५०० |
| ५२ | बटन सप (धागो, टाँक, जिपर) | ५०० |
| ५३ | गिफ्ट तथा कस्मेटिक पसल | १००० |
| ५४ | कामदार राखि व्यवसाय गर्ने | १००० |
| | आफै गर्ने | ५०० |
| ५५ | ग्याँस सिलिण्डर विक्रेता | १००० |
| ५६ | अटोमेकानिक्स तथा इन्जिनियरिङ वस, टेक्टर,मोटरसाइकल, आदिको पार्टस विक्री तथा मर्मत | ४००० |
| ५७ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | १००० |
| ५८ | पशु आहार उद्योग फिड्स | १५०० |
| ५९ | पाउरोटी, वरफ, विस्कुट तथा दालमोठ उद्योग | १००० |
| ६० | डेरी उद्योग | १००० |
| ६१ | अण्डा विक्री | १००० |
| ६२ | डोको, नाम्लो, भकारी, प्लाष्टिक तथा वेतवाँसका समान विक्री पसल | १००० |
| ६३ | कुखुरा १००० देखि माथि | १००० |
| | कुखुरा १००० वटा सम्म | ५०० |
| ६४ | मेटलको भाडा बनाउने व्यवसाय | ५०० |
| ६५ | केवुल प्रशारण | ३००० |
| ६६ | फोटोकपी, फ्याक्स, लेमिनेशन,व्याण्डीङस,कुरियर | १००० |
| ६७ | कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्स्टीच्युट | १००० |
| ६८ | छापाखाना तथा कपी किताव उद्योग | २००० |
| ६९ | रसायनिक मल विउ विजन किटनाशक औषधी विक्री | १००० |
| ७० | कवाडी व्यवसाय | ३००० |
| ७१ | मोविल ,ग्रीज बिक्री | १००० |
| ७२ | भेटनरी सेवा | १००० |
| ७३ | चिया पसल | १००० |
| ७४ | सिनेमा हल, भिडियो हल, सांस्कृतिक प्रदर्शन, थिएटर, संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा प्रति टिकट रु | १ |
| ७५ | जादु, सरकश, चटक आदिमा प्रतिदिन | ५०० |
| ७६ | जादु, सरकश, चटक आदिमा मासिक | १०००० |
| ७७ | सहकारी नियमित गर्न प्रत्यक आ.व. | ३५०० |
| ७८ | मदिरा विक्रि गर्ने पसल | ६००० |
| ७९ | टोल विकास समिति आमा समुह दर्ता | **निशुल्क** |
| ८० | क्लव दर्ता,स्मृति कोष स्थापना अन्य गैर नाफामुलक संघ संस्था दर्ता | १००० |
| ८१ | व्यवसायका लागि चार किल्ला मञ्जुरी मुचुल्का | निशुल्क |

| | | |
|---|---|---|
| ८२ | कृषि फर्म दर्ता शुल्क<br>कृषक समुह दर्ता शुल्क | १०००<br>५०० |
| ८३ | कृषि तथा पशुपंछी फर्म दर्ता शुल्क | १००० |

- महाशिला गाउँपालिका अन्तर्गत दर्ता हुने सबै व्यवसायको आधार पुँजी एकलाख हुनेछ। सो भन्दा बढी पुँजीको व्यवसायको दर्ता गर्दा प्रति लाख शुरु करको १० प्रतिशत थप राजश्व लाग्नेछ।

**नोटः** माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा रु ५०। देखि रु १२०००। सम्म लिन सकिनेछ। साथै नविकरण दस्तुर माथि उल्लेखित दर्ता दस्तुरको ३०(तीस) प्रतिशत लाग्नेछ । नविकरण आर्थिक वर्षको पौष मसान्त सम्म गर्नुपर्ने छ । नविकरण समयअवधिमा नगरेमा माघ देखी चैत्र सम्म १० प्रतिशत, बैशाख देखी अषाढ सम्म २० प्रतिशत र अर्को आर्थिक वर्ष देखी ५० प्रतिशत जरिवाना लाग्नेछ । महिलाको नाममा व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा २५ प्रतिशत छुट र अपाङ्गको नाममा व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा ३० प्रतिशत छुट दिइनेछ ।

## अनुसूचि ४
## (दफा ५ सँग सम्बन्धित)
### गाँउपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिबुटी, कवाडी र जीवजन्तु करको दर:

गाउँपालिका क्षेत्रभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायका न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही लगाइने कर :

| क स | नम | इकाइ | दर (न्युनतम) | अधिकतम |
|---|---|---|---|---|
| १ | उन | प्रति के जी | रु १ | रु ३ |
| २ | खोटो | प्रति के जी | रु २ | रु ५ |
| ३ | वनकस (खर), बाबियो, पराल, निगालो, लोक्ता, अम्लिसो | प्रति ट्याक्टर | रु ५ | रु ५०० |
| ४ | सिसौ, साल (चट्टा, गोलिया, चिरान) | प्रति ट्रक | रु ४०० | रु ६०० |
| ५ | अन्य काठ (चट्टा, गोलिया, चिरान) | प्रति ट्रक | रु १०० | रु २०० |
| ६ | पत्थर कोइला | प्रति के जि | रु १ | रु ३ |
| ७ | मिनरल वाटर | प्रति बोटल | रु १ | रु २ |
| ८ | भैंसी गाउँपालिकाबाट वाहिर निकासी हुँदा | प्रति भैंसी | रु ५०० | रु १००० |

स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग गर्ने देहाय बमोजिमका वस्तुमा देहाय वमोजिमको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही गाउँसभाले तोकेको उत्पादन स्थलमा वा संकलन केन्द्रमा उठाइने कर :

| क स | नाम | इकाइ | दर (न्युनतम) | अधिकतम |
|---|---|---|---|---|
| १ | खालि सिसी (वियर) | प्रति गोटा | रु ।५० | रु १ |
| २ | खालि सिसी (मदिरा र अन्य) | ,, | रु ।२५ | रु ।५० |
| ३ | प्लाष्टिक (बोटल), भाडाँकुडाँ, पुराना, जुत्ता, चप्पल, ग्यालिन र जर्किन | प्रति के जी | रु २ | रु ३ |
| ४ | खालि बोरा(प्लाष्टिकको बोरा) | प्रति गोटा | रु १ | रु ३ |
| ५ | जुटको बोरा | ,, | रु २ | रु ४ |

**प्रशोधन गरी पुनः** प्रयोग हुन सक्ने देहायबमोजिमका कवाडी मालसामानहरुमा देहायबमोजिमका न्युनतम र अधिकतम कर दर सीमाभित्र रही गाउँ सभाले तोकेबमोजिमको दरमा तोकेबमोजिमको कार्यविधि अनुरुप उठाइने कर :

| क स | नाम | इकाई | दर (न्युनतम) | अधिकतम |
|---|---|---|---|---|
| १ | झिण्डु (प्राकुतिक र कृत्रिम ऊनका टुका) | प्रति के जी | रु १ | रु २ |
| २ | गार्मेन्टको कपडाको टुका | ,, | रु १ | रु ४ |
| ३ | कार्पेटको टुका | ,, | रु १ | रु ४ |
| ४ | जुट र प्लाष्टिकको बोरा | ,, | रु १ | रु ४ |
| ५ | टायर ट्युब | ,, | रु २ | रु ५ |
| ६ | पुराने टिन, ड्रम | ,, | रु १ | रु ५ |
| ७ | पुराना कागज | ,, | रु १ | रु ५ |
| ८ | पत्रिका | ,, | रु १ | रु ४ |
| ९ | अन्य कागज | ,, | रु १ | रु ५ |
| १० | धातुका टुका | | | |
| | फलाम | ,, | रु १ | रु ८ |
| | पित्तल, तामा | ,, | रु २ | रु १२ |
| ११ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | ,, | रु २ | रु १२ |
| १२ | पोलिथिन पाइपका टुकाहरु | ,, | रु १ | रु ५ |
| १३ | सिसाका टुका वा धुलो | ,, | रु ६ | रु १० |
| १४ | काँचको धुलो र टुका | ,, | रु ४ | रु १० |
| १५ | प्रचलित कानुनले निषेधित गरे बाहेकका | | | |
| | मरेका वा मारिएका पशुका: | ,, | रु ४ | रु ७ |
| | हाड | ,, | रु ५ | रु ८ |
| | सिंग | ,, | रु ५ | रु ७ |
| | खुर | ,, | रु २२ | रु ३० |
| | छाला (ठूलो) | ,, | रु १५ | रु २० |
| | छाला (सानो) | | | |

*कवाडी बस्तु संकलन बापत संकलनकर्ताले वडाभरीको कवाडी बस्तु १ वर्ष भरी संकलन गर्न रु १०००० हजार प्रति वडा तथा पुरै गाउँपालिका भरी १ वर्षभरी संकलन गर्न वार्षिक रु ५०००० लाग्नेछ।

*यस गाउँपालिका क्षेत्रभित्र स्विकृती नलिइ वा कर नतिरी कुनै पनि व्यापार, व्यवसाय स्थापना र संचालन गरेमा व्यापार, व्यवसाय दर्ता गर्दा लाग्ने कर तथा दर्ता शुल्क बराबर जरिवाना तिर्नुपर्नेछ र जरिवाना पश्चात पुनः कर तथा दर्ता शुल्क तिरि व्यापार व्यवसाय दर्ता गर्नुपर्नेछ।

## अनुसूचि ५
## (दफा ६ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी साधनको रुट अनुमतिको दर

गाउँपालिका क्षेत्रभित्र नियमित चल्ने सवारी साधन बार्षिक सेवा शुल्क र व्यवसायिक रुपमा आंशिक रुपमा चल्ने

| बिवरण | प्रति पटक | बार्षिक दर रु | यदि मासिक तिरेमा |
|---|---|---|---|
| ट्रक ठुलो | ३०० | रु १५००० | १५०० |
| ट्रक मिनि | २०० | रु १५००० | १५०० |
| बस ठुलो | २०० | रु १५००० | १५०० |
| बस | १५० | रु १५००० | १५०० |
| जीप | १०० | रु १०००० | १००० |
| ट्याक्टर ठुलो | ३०० | रु १५००० | १५०० |
| ट्याक्टर सानो | ५० | ५००० | ५०० |

गाउँपालिका भित्र रिजर्भमा आउने बसको एक पटकको रु ५०० र ट्याक्सिको र १०० लाग्नेछ।

## अनुसूचि ६
## (दफा ७ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

**विज्ञापन कर**

| सि नं | विवरण | रकम (रुपैयाँमा) |
|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | ५०० |
| २ | स्टल राखी विज्ञापन गर्ने (प्रतिदिन) | १०० |
| ३ | कन्सर्ट (प्रतिपटक) | ५०० |
| ४ | तुल व्यानर राखी विज्ञापन -प्रतिपटक | ५०० |
| ५ | वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट | १० |
| ६ | ग्लो साइनवोर्ड प्रति वर्ग फिट | १०० |

## अनुसूचि ७
## (दफा ८ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल विटौरी करको दर

बहाल विटौरी

क) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटवजार र सार्वजनिक स्थल ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु १० देखि रु २५ सम्म मासिक बहाल विटौरी लिइनेछ।

## अनुसूचि ८
## (दफा ९ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ्ग शुल्क को दर

**पार्किङ्ग शुल्क तपसिल बमोजिम हुनेछ।**

गाउँपालिकाले आफुले तोकेको कार,जीपको सुरक्षित पार्किङ्ग क्षेत्रमा पार्किङ्ग शुल्क गर्ने कार तथा जीपमा पार्किङ्ग गर्ने समयको आधारमा एक पटकमा बढीमा १०० **रुपैयाँ** सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ। अन्यसवारी साधनहरुका लागि गाउँपालिकाले व्यवस्था गरेका क्षेत्रहरुमा पार्किङ्ग समयको आधारमा बढीमा **पचास रुपैयाँ** सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ।

## अनुसूचि ९
## (दफा १० सँग सम्वन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने ट्रेकिङ्ग क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर शुल्क को दर न्युनतम रु १००० देखि अधिकतम रु १०००० सम्म कर लगाउन सकिनेछ।

पर्यटक आवास, होटेल, प्याराग्लाइडिङ्ग, पदयात्रा, रेष्टुरेण्ट, ट्राभल्स एजेन्सी, अश्वरोहण, मोटेल आदिको व्यावसायमा लाग्ने कर  न्युनतम रु १,०००  अधिकतम रु ५०,००० सम्म हनेुछ।

## अनुसूचि १०
## (दफा ११ सँग सम्वन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क, दस्तुरको दर

**सेवा शुल्क तथा दस्तुरः**

गाउँपालिकाले निर्माण, संचालन व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट देहाय वमोजिमको सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ।

| सि नं | विवरण | दररेट (रुपैयाँ मा) | कैफियत |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १००० | |
| २ | मोही लगत कट्टा सिफारिस | १५०० | |
| ३ | घर कायम सिफारिस | १००० | |
| ४ | छात्रबृत्ति सिफारिस | ५०० | |
| ५ | विपन्न विद्यार्थी छात्रबृत्ति सिफरिस | निशुल्क | |
| ६ | अपांग सिफरिस | निशुल्क | |
| ७ | अस्थायी बसोवास सिफारिस | ५०० | |
| ८ | स्थायी वसोवास सिफारिस | ३०० | |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस<br>**नागरिता प्रतिलपि सिफारिस संशोधित** | १५०<br>३०० | |
| १० | अंगिकृत नागरिकता सिफारिस | १००० | |
| ११ | बैदेशिक प्रयोजनका लागि अंग्रेजी सिफारिस वडाबाट | १००० | |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | ३००० | |
| १३ | विद्युत जडान सिफारिस | ५०० | |
| १४ | धारा जडान सिफारिस | ५०० | |
| १५ | जिवित रहेको सिफारिस | ३०० | |

| | | | |
|---|---|---|---|
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | ५०० | |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस वा प्रमाणित तथा आम्दानी प्रमाणित | मुल्यांकनको ०.२५ | |
| १८ | व्यवसाय वन्द सिफारिस | ५०० | |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ३०० | |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | ३०० | |
| २१ | कोट फी मिनाहा सिफारिस | ० | |
| २२ | नावालक परिचय पत्र सिफारिस | ५०० | |
| २३ | चौपाय सम्वन्धि सिफारिस | ५०० | |
| २४ | व्यवसाय दर्ता सिफारिस | ३०० | |
| २५ | उद्योग ठाउँसरी सिफारिस | ३००० | |
| २६ | विद्यालय ठाउँसरी सिफारिस | ३००० | |
| २७ | आन्तरिक बसाइँसराई सिफारिस | ३०० | |
| २८ | विद्यालय सञ्चालन स्वीकृति/ कक्षावृद्धि सिफारिस | सरकारी ५०००/२००० निजी १००००/ ५००० | |
| २९ | व्यक्तिगत विवरण सफिारिस | ३०० | |
| ३० | जग्गा दर्ता सिफारिस | ५०० | |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | ५०० | |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | १००० | |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | निशुल्क | |
| ३४ | जिवित संगको नाता प्रमाणित | ५०० | |
| ३५ | मृतक संगको नाता प्रमाणित | ५०० | |
| ३६ | कोठा खोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १५० | |
| ३७ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | २०० | |
| ३९ | संस्था दर्ता सिफारिस | १००० | |
| ४० | घरबाटो प्रमाणित | ५०० | |
| ४१ | चार किल्ला प्रमाणित | ५०० | |
| ४२ | जन्म मिति प्रमाणित | ५०० | |
| ४३ | विवाह प्रमाणित | ५०० | |
| ४४ | घर पातल प्रमाणित | ५०० | |
| ४५ | कागज मन्जुरीनामा प्रमाणित | ५०० | |
| ४६ | हकवाला वा हकदार प्रमाणित | ५०० | |
| ४७ | अविवाहित प्रमाणित | ५०० | |
| ४८ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | ५०० | |

| | | | |
|---|---|---|---|
| | | आपतकालिन घट्ना निशुल्क | |
| ४९ | जग्गा धनी पूर्जा हराएको सिफारिस | ५०० | |
| ५० | पूर्जामा घर कायम गर्ने सिफारिस | ५०० | |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति पेज ५०० | |
| ५२ | मिलापत्र कागज /उजुरी दर्ता | १०० | |
| ५३ | कर तिरेको सिफारिस | ३०० | |
| ५४ | जन्म दर्ता | निशुल्क (प्रतिलिपि रु ५००) | ३५ दिन काटेपछि रु २००। जरिवाना |
| ५५ | मृत्यु दर्ता (३५ दिन काटेपछि) | निशुल्क (प्रतिलिपि रु ५००) | ३५ दिन काटेपछि रु २००। जरिवाना |
| ५६ | बसाई सराई आउने/जाने दर्ता | निशुल्क (प्रतिलिपि रु ५००) | ३५ दिन काटेपछि रु २००। जरिवाना |
| ५७ | सम्बन्ध विच्छेद दर्ता | निशुल्क (प्रतिलिपि रु ५००) | ३५ दिन काटेपछि रु २००। जरिवाना |
| ५८ | विवाह दर्ता | निशुल्क (प्रतिलिपि रु ५००) | ३५ दिन काटेपछि रु २००। जरिवाना |
| ५९ | उपभोक्ता समितिको सिफारीस | **निशुल्क** | |
| ६० | व्यवसाय नविकरण सिफारिस | १५० | |
| ६१ | उल्लेखित बाहेक अन्य स्थानिय आवश्यकता अनुसारका सिफारिस/प्रमाणित/ संशोधित | सिफारिस २००<br>संशोधित/प्रमाणित ५०० | |
| ६२ | रुख कटान आदेश सिफारिस | प्रति रुख १०० | |
| ६३ | घरेलु प्रयोग हुने ढुगां निकासी कर (प्रति ट्र्याक्टर | ६१० | |
| | ढुङगा गिटी बालुवा | प्रदेशले तोकेबमोजिम | |
| ६४ | भैसी निकासी कर (प्रति भैसी ) | ५०० देखि १००० | |
| ६५ | पाडा पाडी काटेमा (प्रति पाडा/**पाडी**) दुवै पक्ष | १००० | |
| ६६ | खशि बोका निकासी कर(प्रति गोटा) | १०० | |
| ६७ | घरेलु ढुगां खानी दर्ता सिफारिस | १०००० | |
| ६८ | संघ सस्था सिफारिस दस्तुर<br>रु ५० हजारसम्मको कारोवार गर्ने सस्थासलाई<br>रु १ लाखसम्मको कारोवार गर्ने संस्थालाई<br>रु ५ लाखसम्मको कारोवार गर्ने सस्थालाई<br>रु ५ लाखभन्दा बढी कारोवार गर्ने सस्थालाई | <br>१००<br>३००<br>५००<br>७०० | |
| ६९ | कन्सुलर प्रमाणित | ५०० | |
| ७० | जेष्ठ नागरिक संरक्षण सिफारिस दस्तुर | निशुल्क | |
| ७१ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२) तथा ६४ सँग सम्बन्धित यातायातका साधनहरुको शुल्क ( पटके सवारी शुल्क), ठूलो ट्याक्टर<br>ठूलो ट्रक (५ टनभन्दा बढी) | | |

| | | | |
|---|---|---|---|
| | मिनि ट्रक (५ टनभन्दा कम)<br>ठूलो बस, मिनि बस, जीप, ट्याक्सी, हाते ट्याक्टर | | |
| ७२ | निर्माणाधिन सडक वा अन्य जुनसुकै जग्गाबाट उत्पादित गरिएको ढुङ्गा प्रति ट्र्याक्टर | रु ६१० | |
| ७४ | विभिन्न कोटहरुमा प्रति व्यक्ति प्रवेश शुल्क | रु ५ | |
| ७५ | विभिन्न कोटहरुबाट पूजा व्यवस्थापन शुल्क<br>पैञ्युकोटबाट शुल्क (वार्षिक)<br>धुवाँकोटबाट शुल्क (वार्षिक)<br>चिसापानी देवीबाट शुल्क (वार्षिक)<br>वालारानी देवी मन्दिरबाट शुल्क (वार्षिक)<br>महाशिलाबाट बार्षिक शुल्क<br>बिश्वकर्मा मन्दिर फलामखानि (बार्षिक) | <br>रु १५०००<br>रु ५०००<br>रु ५०००<br>रु २०००<br>रु २००००<br>रु.१००० | |
| ७६ | मदिरा खरिद गरी ल्याउने गाडीलाई<br>जुवातास खेलेमा<br>जुवातास खेलाएमा<br>मादक पदार्थ सेवन गरी होहल्ला गरेमा<br>मापदण्ड विपरित मदिरा बेचविखन गर्ने पसललाई | ५०००<br>१०००<br>२०००<br>५००<br>१००० | पटकै पिच्छे जरिवानाको दर |
| ७७ | व्यवसायको प्रतिलिपि सिफारिस | ५०० | |
| ७८ | अविवाहित प्रमाणित | ५०० | |
| ७९ | गाउँपालिका लगायत अन्य संघ संस्था साथै कार्यक्रम गर्ने जुनसुकै निकायले सभाहल भाडा | प्रतिदिन ५०० | |
| ८० | गाउँ पालिका अन्तरगतका क्लवहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको मनोरञ्जन शुल्क | १-३ दिनको १०००<br>३ दिन भन्दा बढिको १५०० | |
| ८१ | कृषि तथा पशुजन्य व्यावसायिक कारोबार (सहकारी अनुदानमा लाग्ने) | कृषितर्फ अनुदान रकमको बीस प्रतिशत<br>पशु उत्पादनतर्फ अनुदान रकमको तीस प्रतिशत | |
| ८२ | निजी धारा शुल्क | मसिक रु १०० | |
| ८३ | विद्युत संचालन महशुल | कार्यपालिकाले तोके बमोजिम | |

कृषिजन्य उत्पादित बस्तुमा कुनैपनि किसिमको निकासी कर लिइने छैन ।

## अनुसूचि ११
## (दफा १२ सँग सम्वन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्कको दर

माथि उल्लेखित बाहेक बाँकी पर्यटन शुल्क प्रदेशले निर्धारण गरेबमोजिम हुनेछ ।